श्रीमान प्रमुख आयुक्तज्यू

अख्तियार दुरुपयोग अनुसन्धान आयोग,

टंगाल काठमाडौ ।

बिषय : उजुरी सम्बन्धमा

महोदय,

म नेपाली नागरिकका हैसियतले नेपालको संविधानको धारा २३९ को उपधारा १ र ३ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ४ बमोजिमको क्षेत्राधिकार रहेको व्यवस्था अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को परिच्छेद - ४, दफा १३ (१) बमोजिम मैले उजुरी दिएका माननीय साँसदकै जिल्लाको नागरिक हुँ । म एक स्वतन्त्र नेपाली नागरिकको हैसियतले हकदैयामा कुनै प्रश्न नरहने भएकाले कानून बमोजिम यो निवेदन दर्ता गर्न उपस्थित भएको छु । अनुसन्धानका क्रममा आवश्यक परेमा बयानका लागि आयोगमा उपस्थित हुने प्रतिवद्धता समेत जाहेर गर्दछु ।

म निवेदक विकाश कुमार ठाकुर मधेश प्रदेश, सर्लाही जिल्ला, कविलासी नगरपालिका वडा न ७ गैरबजार स्थायी ठेगाना भई हाल वाग्मति प्रदेश भक्तपुर जिल्ला, मध्यपुर

ठिमीमा बसोबास गर्ने नेपाली नागरिक हुँ । म पछिल्लो समयमा राजनीतिक दलहरु सक्रिय लागेर आर्थिक अपराध गर्न नहुने अभियानलाई तिब्र रुपमा उठाउदै आईरहेको छु । र यसपटक म मेरै जिल्लाको जनप्रतिनिधी, प्रतिनिधिसभाका सदस्य माननीय अमरेश कुमार सिंहको बिषयमा अनुसन्धानका लागि तपशिल बमोजिमको प्रमाण र संकेत सहित यो निवेदन पेश गरेको छु ।

मधेश प्रदेश, सर्लाही जिल्ला बलरा नगरपालिका वडा नं ४ स्थायी ठेगाना भई हाल ललितपुरको भैंसेपाटीमा बस्ने बर्ष ५२ को माननीय अमरेश कुमार सिंह पछिल्लो २०७९ मा भएको प्रतिनिधिसभा निर्वाचनमा सर्लाही क्षेत्र नं ४ बाट स्वतन्त्र तर्फबाट निर्वाचित संसद हुनुहुन्छ । उहाँ २०६३ सालको पहिलो अन्तरिम संसदमा साँसद बन्नुभएको थियो । २०६४ सालको संविधानसभा निर्वाचनमा पराजित हुनुभएका सिंह त्यसपछिका लगातार तीन निर्वाचनमा निर्वाचित हुनुभएको छ । पछिल्लो निर्वाचनमा उहाँ स्वतन्त्रबाट निर्वाचित भएपनि यसअघिका सबै निर्वाचनमा नेपाली काँग्रेसका तर्फबाट निर्वाचित हुनुभएको थियो ।

सामान्य परिवारमा जन्मिनुभएका माननीय अमरेश कुमार सिंह कुनै समय नेपाली काँग्रेसका तत्कालिन नेता महन्त ठाकुरका स्वकीय सचिव समेत रहनुभएको थियो । २०६३ सालबाट एकैपटक नेपाली काँग्रेसको राजनीतिमा उदाउनुभएका सिंहले गरेको आर्थिक फड्को सर्लाही जिल्लाका आम जनता तथा मतदाताका लागि आश्चर्यको बिषय बनेको छ । निर्वाचनका क्रममा देखाएको आर्थिक रवाफ तथा मतदाता खरिद गर्न प्रयोग भएको व्यवस्थापनले यति ठूलो आर्थिक हैसियत बनाउनु एक नेताका लागि महत्वपूर्ण बिषय हो । यसका साथै सर्लाहीबाट आर्थिक चलखेलले पटक-पटक निर्वाचित हुँदा पनि त्यस क्षेत्रको समृद्धिका लागि कुनै पहल नगरी आफू र आफ्ना नजिकका आफन्तलाई पोस्ने कार्य निरन्तर भईरहेको छ । राजनीतिलाई पेशा बनाएर सर्लाही जिल्लालाई यो तहको धोकाधडी लामो समय सहन नसक्ने भएकाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तपशिल बमोजिमका आधारमा अनुसन्धान गरी आवश्यक कारबाही

गरि पाउँ । उहाँको यो राजनीतिक जीवनमा राजनीति बाहेक अन्य पेशा वा व्यवसायमा समेत सलग्न नभएको हुँदा अकुत सम्पत्ति जम्मा गरेको बिषयमा यस आयोगको क्षेत्राधिकारभित्रै पर्ने भएकाले अनुसन्धान गरी आवश्यक कारबाहीका लागि सादर अनुरोध गर्दछु । अनुसन्धानका लागि निश्चित संकेतहरु उल्लेख गरेको छु ।

तपशिल :

१. २०६३ सालमा अन्तरिम संसदको सदस्य हुनुपूर्व माननीय प्रतिनिधिसभाका सदस्य सिंह काठमाडौको किर्तिपुरमा २ कोठा भाडामा लिई बसोबास सुरु गर्नुभएको थियो । त्यतिबेला उहाँले प्रयोग गर्ने बा १० प २३७९ नम्बरको स्पलेण्डर मोटरसाईकल थियो ।
२. सिंहको पैत्रिक सम्पत्ति बलरा नगरपालिकामा अमरेश कुमार सिंहकै नाममा डेढ विघा रहेको छ । जसको हालको मूल्य २० लाख बढि रहेको छ ।
३. राजनीति बाहेक अन्य कुनै पनि पेशा, व्यवसाय तथा आयश्रोत नभएको ।
४. २०६३ सालमा अन्तरिम संसद भईसकेपछि बलरा नगरपालिका वडा न ४ मा करिब २ करोडको साढे दुई तले बंगला (घर)निर्माण गरेको ।
५. सर्लाहीको तत्कालिन बलरा र अर्नाहा गाउँ विकास समितिमा साढे दुई विघा जग्गा खरिद गरेको ।जसको तत्कालिन खरिद मूल्य करिब १ करोड ५० लाख रहेको ।
६. मंलगवा नगरपालिका वडा नं. ८ मा आफ्नो नाममा र एकासगोलको भाउजु मनोरमा सिंहको नाममा २ कट्ठा जग्गा खरिद गरेको । जसको खरिद मूल्य करिब २ करोड बढि रहेको ।
७. आफ्नो जेठी श्रीमति नीतु सिंहको बुबा (ससुरा सुरेश सिंहको) नाममा झापाको भद्रपुरमा ४ कट्ठा जग्गा खरिद गरेको जसको तत्कालिन समयमा २ करोडमा खरिद गरेको।

८. हाल माननिय साँसद सिंह बसिरहेको ललितपुरको सैबु वडा नं. ४ (ग) मा कित्ता नम्बर १०००९ र ८५१ रहेको डेढ रोपनी जग्गामा एउटा तीन तले र अर्को ४ तले बंगलो निर्माण भएको छ । जसको हालको मूल्य ३० करोड भन्दा बढि रहेको छ । यो सम्पत्ति पनि माननीय सिंह र उहाँकी एकासगोलको भाउजु मनोरमा सिंहको नाममा रहेको छ ।

९. ललितपुरको सैबु वडा न ८ (घ) मा कित्ता नम्बर ८८४, ८८५, ८८६ को डेढ रोपनी जग्गा खरिद गरिएको छ । जुन अमरेश कुमार सिंहको नाममा रहेको र जसको हालको मूल्य २० करोड बढि रहेको छ ।

१०. ललितपुर महानगरपालिका वडा नं १७ ग्वार्कोमा करिब ५ करोड पर्ने चार तले घर र जग्गा आफ्नै बहिनी बेबी सिंह झाको नाममा खरिद गरेको ।

११. विगतमा विभिन्न विश्वविद्यालय तथा विद्यालयहरुको नक्कली शैक्षिक प्रमाणपत्र निर्माण गरी दुरुपयोग गरेको अभियोगमा थुनामा परेका र मुद्दा सचेत अदालतमा विचाराधिन अवस्थामा रहेको माननीय सिंहको बहिनी ज्वाई सञ्जय झाले सञ्चालन गरेको KENT कलेज र बुद्धनगरमा सञ्चालित YEPI यपी कलेजमा करोडौंको लगानी रहेको ।

१२. केहि समय अगाडी मात्रै भारतको राजधानी नयाँ दिल्लीमा एकासगोलको दाजु शैलेन्द्र कुमार सिंहको कान्छि बुहारी मेघाली मजुदारको नाममा ५ करोड भारतीय रुपैंया पर्ने घर खरिद गरेको ।

१३. सुन, चाँदी तथा बहुमूल्य धातु हिरा राखेको (४० तोला सुन, २०० तोला चाँदी र १ तोला हिरा ) सम्पत्ति विवरणमै पेश भएको ।

१४. बासु श्रेष्ठ भनेर चिनिने काठमाडौको एक जना व्यापारीसँग सेयरमा बैंक सञ्चालन गरेको र उनीसँगै छाउनी स्थित क्लोनीमा करिब ५ करोडको सेयर रहेको ।

१५. राजु केसी भन्ने काठमाडौंकै अर्को एक जना व्यापारी मार्फत काठमाडौंको कालीमाटी तरकारी बजारमा कवाडीवालाहरुलाई मिटर व्याजमा पैसा लगानी

गरेको । जुन हाल उठ्न बाँकी करिब १० करोड रहेको । सोही ब्यापारीसँगको सेयरमा काठमाडौको चोभारमा जग्गा खरिद गरी प्लटिङ् गरेको जसको हालको मूल्य ७ करोड भन्दा बढि रहेको ।

१६. आफैले चढिरहेको बा १५ च ११४३ नम्बरको स्कोर्पियो गाडी अरुको नाममा लुकाएर चलाईरहेको ।

१७. देशका विभिन्न सहरहरुमा करोडौं मूल्य पर्ने घर जग्गा तथा अन्य सम्पत्ति आफ्ना परिवारका नाममा राखेको ।

१८. ५ बर्ष अघि दोस्रो श्रीमति लक्ष्मी जोशीको नाममा विभिन्न ठाउँमा घर, जग्गा खरिद गरेको र नेपालका बिभिन्न बैंकहरुमा करोडौं रकम जम्मा गरेको ।

१९. लाखौं पर्ने विभिन्न कम्पनीका सेयर खरिद गरेको । जसमा आफ्नो र आफ्नो श्रीमतिको नाममा रहेको ।

२०. संसद विकाश कोषको लाखौं रकम लक्षित समुदायमा नपुर्याई मनपरी बाँडेको ।

यसबाहेक अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अनुसन्धानबाट पनि थप अकुत सम्पत्ति खुल्न सक्ने भएकाले निवेदन साथ पेश भएको संकेतहरुका आधारमा अनुसन्धान प्रक्रिया अगाडी बढाई कारबाही हुन सके सुशासन कायम गर्न ठूलो भूमिका खेल्न सक्नेछ ।

निवेदक
विकाश कुमार ठाकुर
सर्लाही जिल्ला, कविलासी नगरपालिका वडा न ७ गैरबजार, मधेश प्रदेश
हाल मध्यपुर ठिमी भक्तपुर
फोन नं ९८५११३९८०७

ईति संवत् २०८० साल बैशाख महिना २५ गते रोज २ शुभम्----------------------------१